टीकापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
टीकापुर, कैलाली
सुदरपश्चिम प्रदेश नेपाल

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/१२/०६ गते)**

यस कार्यालयबाट चालू आ.व.२०७५/७६ को २०७५।०३।२९ गतेको नगर सभाबाट स्वीकृत केन्द्र स्तरबाट विनियोजित कार्यक्रम अन्र्तगत निर्माण हुने गरी स्वीकृत भएको तपशिलमा उल्लेखित आयोजनाको निर्माण कार्य ठेक्का प्रक्रियाद्वारा गर्नु पर्ने भएकोले आयकरको स्थाई लेखा नम्बर भएका मु.अ.क.मा दर्ता भएका इच्छुक निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले प्रत्येक कामको फिर्ता नहुने गरी रु.३,०००।- (अक्षेरुपी तिन हजार हजार मात्र) बुझाई लिखित निवेदनको साथमा बोलपत्रदाताको अद्यावधिक ईजाजत पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र,स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु पेश गरि यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र खरिद गरि ३१औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र सोही दिनको २.०० बजे स्थानीय सरकारी कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन। बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा सोको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दाखिला र खोल्ने कार्य गरिनेछ ।।

२. यस कार्यालयको प्रमुखले सहि गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोहि फाराममा आफ्नो दररेट लेखी बोलपत्रदाताले सही गरी बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ । एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

३. सिलबन्दी बोलपत्रको बाहिर खाममा यस कार्यालयलाई सम्बोधन हुने गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी निर्माण व्यवसायीको नाम र छाप लगाएको सिल संख्या स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

४.यस कार्यालयबाट विक्रि नभएको, जमानत संलग्न भै नआएको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र म्याद नाघी आएको र रित नपुगेका सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. नगद धरौटीको बैंक भौचरमा निर्माण ब्यावसायीको नाम, ठेगाना लेख्नु पर्नेछ । सूचना प्रकाशित भएको मिति भन्दा अगाडिको बैंक भौचर वा बैंक ग्यारेन्टी वा ड्राफ्टलाई मान्यता दिईने छैन ।

६. बोलपत्र साथ यसै सूचनामा तोकिएको धरौटी वाफतको रकम नेपाल बैंक लिमिटेड टीकापुर शाखामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं १०७०३००००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम दिनबाट गणना हुने गरी कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त "क"बर्गको वाणिज्य बैंकबाट जारी गरिएको विडबन्ड संलग्न गर्नु पर्नेछ ।

७.संयुक्त उपक्रम(जे. भी.) मा काम गर्ने निर्माण ब्यावसायीले संयुक्त लगानी सम्बन्धि सम्झौताको विवरणहरु खुलेको सक्कलै कागजात वा प्रमाणित प्रतिलिपीहरु पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा भाग लिने निर्माण व्यावसायीले (दुई जना भन्दा वढी हुन नहुने) संयुक्त उपक्रमको सक्कल सम्झौतापत्र अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. पेश भएको सिलबन्दी बोलपत्रको कबोल रकममा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र बोलपत्रमा दरदेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

९.पेश भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ ।

११. निर्माण कार्यहरु तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ ।

१२.स्वीकृत नभएका बोलपत्रदाताहरुको विडवण्ड वा धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भए पछि मात्र फुकुवा गरिनेछ

१३.यसमा उल्लेख भए बाहेकका अन्य कुराको हकमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार हुनेछ र बाँकी कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१४.यस सम्बन्धि थप जानकारी आवश्यक भएमा कार्यालय समयमा पूर्वाधार बिकास तथा वातावरण व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

ठेक्का विवरण :-

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (कन्टेन्जेन्सी मु.अ. कर, बिपद ब्य.कोष र मर्मत संभार कोष वाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ६३/२०७५।७६ | कृषि क्याम्पस सेमिनार भवन निर्माण आयोजना । | २४,५९,०१६।४९ | ७०,०००।०० | |

..................
प्रमुख प्रशासकीय अधिकृत